## निर्णय न. १

यस नगरपालिकाको आ.ब. २०७३/७४ को निति, कार्यक्रम तथा बजेट तर्जूमा गर्नको लागि मिति: २०७२ पौष ३ गते देखि ८ गते सम्म भएको वडा भेलाहरु, गैर सरकारी संस्थाहरु संग भएको छलफल, बाल भेला बाट आएका मागहरु, सामुदायिक विधालयका प्रधानाध्यापकहरु संग भएका छलफल, राजश्व परामर्श समितिले सिफारिस गरेका राजश्वका दर र दायरालाई व्यवस्थित गर्ने विषय र मिति: २०७२ पौष १९ गते सम्पन्न एकिकृत योजना तर्जुमा समितिको बैठकको निर्णय समेतको आधारमा चालु आ.ब.२०७२/७३ को मंसिर महिना सम्मको यथार्थ आय व्यय र संसोधित र अगामी आ.ब. २०७३/७४ को नीति, कार्यक्रम तथा बजेट तेश्रो नगर परिषद बैठकमा पेश हुन आएकोमा (मिति: २०७२ पौष २८ को बोर्ड बैठक बाट) पेश भए बमोजिम स्वीकृत गर्ने निर्णय गरियो।

## निर्णय न. २

यस नगरपालिकाले तपसिलका नितिहरु अबलम्बन गर्ने निर्णय गरियो।

नितिहरु:

क. **पूर्वाधार तथा संरचना विकास :**

१. वडास्तरिय भेलाबाट छनौट भई आएका नगर तथा केन्द्रीयस्तरका योजनाहरुलाई प्राथमिकता एवं सम्भावयता अध्ययन र लाभान्वित वर्गको आधारमा कार्यान्वयन गरिनेछ।

२. नगरस्तरिय योजना छनौट गर्दा दीर्घकालीन रुपमा प्रभावकारी हुने योजनालाई छनौट गरी कार्यान्वयन गरिनेछ।

३. जि.वि.स. र छिमेकी गा. वि.स. सँग साझेदारी गरी पूर्वधार विकास निर्माण गर्ने कार्य गर्ने नीति लिईनेछ।

४. पूँजीगत खर्च तर्फ छुट्याईएको बजेटको १० प्रतिशत महिला, १० प्रतिशत बालबालिका र १५ प्रतिशत सबै जातजातिका आर्थिक रूपमा विपन्न तथा आर्थिक एवम् सामाजिक रूपमा पछाडि परेका र पारिएका वर्ग (ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडावर्ग लगायत) एवम् क्षेत्र तथा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी लक्षित समूह भनी तोकिएका वर्ग एवम् समुदायले प्रत्यक्ष फाइदा पाउने कार्यक्रम वा आयोजनाहरुमा खर्च गर्ने नीति अवलम्वन गरिनेछ।

५. बढदो सार्वजनिक जग्गा तथा सडक अतिक्रमणलाई अन्य निकायहरुको सहकार्यमा नियन्त्रण गर्ने कार्यलाई प्रभावकारी बनाईनेछ।

ख. **जनसंख्या तथा सामाजिक विकास :**

१. सवै वडाहरुमा टोल सुधार समिति गठन गरी सुशासन, विकास निर्माण तथा शहरी गरिवी न्यूनीकरणका लागी उनीहरुलाई उत्तरदायि बनाईनेछ।